# प्रदेश राजपत्र

प्रदेश नं. ५, प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १) बुटवल, रूपन्देही, फागुन ३ गते, २०७४ साल (अतिरिक्ताङ्क १

## भाग २

### प्रदेश सरकार

### मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

**प्रदेश नं. ५, प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४**

नेपालको संविधानको धारा १७४ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी प्रदेश नं. ५, प्रदेश मन्त्रिपरिषद्ले प्रदेश सरकारको कार्य विभाजनका लागि देहायका नियमहरू बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यी नियमहरूको नाम " प्रदेश नं. ५, प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७४" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "प्रदेश" भन्नाले प्रदेश नं. ५ लाई सम्झनुपर्छ ।

(ख) "प्रदेश सरकार" भन्नाले प्रदेश नं. ५ को मन्त्रिपरिषद्लाई सम्झनुपर्छ।

(ग) "मन्त्रालय" भन्नाले प्रदेश सरकारका मन्त्रालय सम्झनुपर्छ र सो शब्दले मुख्यमन्त्री तथा प्रदेश मन्त्रिपरिषद्को कार्यालय समेतलाई जनाउँछ ।

(घ) "मन्त्री" भन्नाले मुख्य मन्त्री र मन्त्रीलाई सम्झनुपर्छ र सो शब्दले स्वतन्त्र रूपमा मन्त्रालयको कार्यभार सम्हाल्ने राज्यमन्त्री समेतलाई जनाउँछ ।

३. **<u>मन्त्रालयः</u>** प्रदेशमा अनुसूची-१ मा उल्लेख भए बमोजिम मन्त्रालय रहनेछन् ।

४. **<u>कार्यसम्पादनः</u>** प्रदेश सरकारको कार्यसम्पादन नियम ३ मा उल्लेख भए बमोजिमका मन्त्रालयहरूबाट हुनेछ।

५. **<u>कार्यविभाजनः</u>** (१) मन्त्रालयबाट सम्पादन हुने कार्यको विभाजन अनुसूची -२ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रदेश मन्त्रिपरिषद्ले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी कुनै मन्त्रालयको काममा हेरफेर गर्न सक्नेछ ।

(३) मुख्यमन्त्रीले कुनै मन्त्रीलाई एक वा एक भन्दा बढी मन्त्रालयको कार्यभार सुम्पन सक्नेछ।

(४) मुख्यमन्त्रीले कुनै मन्त्रालयलाई तोकिएको काम मध्ये केही काम आफैंले वा सम्बन्धित मन्त्रीको सिफारिसमा अर्को कुनै मन्त्रीले हेर्ने गरी तोक्न सक्नेछ।

तर सम्बन्धित मन्त्री प्रदेशमा नरहेको अवस्थामा निजको काम कुनै मन्त्रीले वा आफैले हेर्ने गरी तोक्न त्यस्तो सिफारिस आवश्यक पर्ने छैन।

६. **मन्त्रीको जिम्मेवारी:** नियम ५ बमोजिम आफूलाई तोकिएको कार्य सम्पादन गर्ने वा गराउने जिम्मेवारी र कार्यसम्पादन भए नभएको विषयमा वहन गर्ने उत्तरदायित्व सम्बन्धित मन्त्रीको हुनेछ ।

७. **अनुसूचीमा हेरफेर:** प्रदेश मन्त्रिपरिषद्ले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर गर्न सक्नेछ।

# अनुसूची १

## प्रदेशमा रहने मन्त्रालयहरु

| क.सं | मन्त्रालयहरूको नाम |
|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २. | आन्तरिक मामिला तथा कानून मन्त्रालय |
| ३. | आर्थिक मामिला तथा योजना मन्त्रालय |
| ४. | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| ५. | सामाजिक विकास मन्त्रालय |
| ६. | उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय |
| ७. | भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय |

| ६. उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय | |
|---|---|
| **सि.नं.** | **कार्यजिम्मेवारी** |
| १ | व्यापार/वाणिज्य र बजार प्रतिष्पर्धा सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड तथा योजनाको तर्जुमा, कार्यान्वयन एवं नियमन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रण |
| २ | प्रादेशिक व्यापार सम्बन्धी पूर्वाधार निर्माण, प्रवर्द्धन, सहजीकरण, बजार अनुगमन, समन्वय, तथ्याङ्क प्रणाली, बौद्धिक सम्पत्ति संरक्षण, अध्ययन तथा अनुसन्धान र नियमन |
| ३ | ढुवानी/परिवहन प्रणाली तथा कार्गो व्यवस्थापन |
| ४ | नेपाल सरकारको सहमतिमा आर्थिक तथा औद्योगिक विषयका करारजन्य सम्झौता |
| ५ | व्यापारिक फर्महरुको दर्ता, नवीकरण, खारेजी र नियमन |
| ६ | खानी तथा खनिज पदार्थको अन्वेषण सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड र योजना तर्जुमा तथा कार्यान्वयन र नियमन एवं पूर्वाधार विकास, अनुसन्धान, सर्वेक्षण, लगत संकलन, अभिलेखाङ्कन, अन्वेषण, उत्खनन, प्रादेशिक प्रयोगशालाको स्थापना तथा सञ्चालन र संघसंग समन्वय |
| ७ | भौगर्भिक अध्ययन तथा अनुसन्धान र नक्सा सम्बन्धी |
| ८ | कलकारखाना र औद्योगिकीकरण सम्वन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन |

| | |
|---|---|
| ९ | उद्योग दर्ता, अनुमति, नवीकरण एवं खारेजी र औद्योगिक विकास तथा औद्योगिक व्यवसायको प्रवर्द्धन र नियमन |
| १० | प्रदेशस्तरको उद्योग क्षेत्रको भौतिक पूर्वाधार विकास सम्वन्धी योजना तर्जुमा र कार्यान्वयन तथा औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र विस्तार |
| ११ | औद्योगिक वस्तुको निर्यात प्रवर्द्धन |
| १२ | सार्वजनिक सेवा, अत्यावश्यक सेवा र वस्तु आपूर्ति सम्वन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| १३ | उपभोक्ता हक अधिकार संरक्षण तथा प्रवर्द्धन, उपभोक्ता जागरण कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमन |
| १४ | मूल्य र कालोबजारी तथा कृत्रिम अभाव नियन्त्रण एवं नियमन |
| १५ | संघीय मापदण्ड अनुसार स्टयाण्डर्ड वर्गीकरण, गुणस्तर परीक्षण र नियमन |
| १६ | उपभोक्ता अदालत गठन र सञ्चालन |
| १७ | अत्यावश्यक वस्तुहरुको प्रादेशिक माग र आपूर्ति सम्वन्धी सूचना संकलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था, मौज्दातको व्यवस्था र आपूर्तिमा अन्तरप्रादेशिक र स्थानीय तहबीच समन्वय |
| १८ | लक्षित क्षेत्र र वर्गका लागि वस्तु र सेवामा प्रादेशिक अनुदान र नियमन |
| १९ | करार, साझेदारी र एजेन्सी सम्बन्धी प्रादेशिक नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन |

| | |
|---|---|
| २० | संघसँगको समन्वयमा कम्पनी स्थापना सम्बन्धी नीति तथा कानून तर्जुमा तथा कार्यान्वयन, नियमन र कम्पनी प्रशासन |
| २१ | दामासाहिमा परेका उद्योग, व्यवसायिक कम्पनी तथा फर्म व्यवस्थापन सम्बन्धी नीति कानून, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| २२ | प्रदेशस्तरमा हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन |
| २३ | प्रदेशस्तरमा इन्धनको गुणस्तर अनुगमन |
| २४ | संघीय कानून बमोजिम क्यासिनो तथा चिठ्ठा दर्ता, अनुमति र नियमन सम्बन्धी |
| २५ | प्रदेशभित्रका उद्योगहरु र साना, मझौला, घरेलु तथा लघु उद्योगहरु स्थापना र प्रवर्द्धन सम्बन्धमा नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| २६ | औद्योगिक तथा व्यापार प्रदर्शनीको आयोजना तथा व्यवस्थापन |
| २७ | उद्योगमा श्रममूलक प्रविधि र स्वदेशी श्रमिकको उपयोग |
| २८ | स्वरोजगारका लागि उद्यमशीलता विकास, प्रशिक्षण, सहुलियत कर्जा र व्यवसाय प्रवर्द्धन सहायता |
| २९ | प्रादेशिक पर्यटन विकासको नीति, कानून, मापदण्ड र योजना निर्माण, पुर्वाधार विकास, प्रवर्द्धन र नियमन |
| ३० | पर्यटक प्रहरी व्यवस्थापन |
| ३१ | पर्यटकीय होटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, गाईड, र्‍याफ्टिङ्ग आदिको दर्ता, अनुमति, नवीकरण र नियमन |

| | |
|---|---|
| ३२ | प्रदेशस्तरमा वन क्षेत्रको नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| ३३ | वन्यजन्तु र वन पैदावार ओसारपसार सम्वन्धी नियमन र अपराध नियन्त्रण |
| ३४ | वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन |
| ३५ | प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन |
| ३६ | हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन |
| ३७ | जडिबुटी खेती प्रविधि प्रर्वद्धन, विस्तार तथा बजारीकरण सम्बन्धी नीति तथा कानून तर्जुमा तथा कार्यान्वयन र नियमन, अध्ययन अनुसन्धान तथा तथ्याङ्क संकलन |
| ३८ | वन तथा वातावरण सम्बन्धी बिषयमा प्राविधिक सूचना तथा सेवा प्रबाह |
| ३९ | वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्वन्धी नीति, समन्वय र सहयोग |
| ४० | प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्वेरीयमहरुको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्वन्धी नीति र व्यवस्थापन |
| ४१ | प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन, नियमन, संरक्षण एवं लाभांश बाँडफाँड |
| ४२ | प्रदेशस्तरमा जलाधार संरक्षण तथा जलउपयोग नीति, प्रविधि विकास, व्यवस्थापन |

| | |
|---|---|
| ४३ | प्रदेशभित्र भूस्खलन नियन्त्रण |
| ४४ | प्रदेशस्तरमा वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन |
| ४५ | प्रदेशस्तरमा वातावरण सम्वन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन |
| ४६ | प्रदेशस्तरमा वातावरणीय सूचना प्रणालीको स्थापना |
| ४७ | प्रदेशस्तरमा वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार |
| ४८ | प्रदेशस्तरमा वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन |
| ४९ | प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनि तथा विद्युतीय लगायत प्रदुषणको मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियन्त्रण |
| ५० | प्रदेशस्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास प्रक्रिया र हरित क्षेत्र प्रवर्द्धन |
| ५१ | प्रदेशस्तरमा वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण र संवर्द्धन |
| ५२ | प्रदेशभित्र वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि, वातावरणीय सुशासन तथा परीक्षण |
| ५३ | भूपरिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, वर्गीकरण, संरक्षण र व्यवस्थापन |
| ५४ | संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धति निर्धारण |

| | |
|---|---|
| ५५ | अन्तरप्रदेशीय नदी उकास तथा सडक किनार वृक्षारोपण व्यवस्थापन |
| ५६ | वृक्षारोपणको लागि दिगो तथा गुणस्तरीय बीउ उत्पादन, बीउबगैंचा स्थापना र व्यवस्थापन |
| ५७ | प्रदेशभित्र वृक्षारोपण तथा सम्भार सम्वन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| ५८ | प्रदेशभित्र जडिबुटि तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी व्यवस्थापन |
| ५९ | वन्यजन्तु र चराचुरुङ्गी सम्वन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन |
| ६० | प्रदेशस्तरमा विज्ञान प्रविधिको विकास तथा विस्तार, सो सम्बन्धी तथ्याङ्क संकलन, प्रशोधन र सर्वेक्षण र जनशक्ति विकास र उपयोग |
| ६१ | वैज्ञानिक अध्ययन अनुसन्धान एंव विज्ञान र प्रविधिको आविष्कार, उन्नयन र विकास |
| ६२ | विज्ञान संग्रहालय र प्लानेटोरियमको स्थापना, सञ्चालन र व्यवस्थापन |